**पुतलीबजार नगरपालिका**

**नगरकार्यपालिकाको बैठक**

बैठक संख्या :- १०५

मिति :-२०८१/०२/१३

बैठक स्थान :- नगरपालिकाको सभाहल

**निर्णय नं.१:-**

नगरकार्यपालिकाको बैठक समक्ष प्रस्तुत शाखागत तथा वडागत कार्यप्रगति उपर समीक्षा गरियो, अंधिकाश योजनाहरु सम्झौता भई कार्यान्वयन एवं कार्यसम्पादनको क्रममा रहेको र करीब ८० प्रतिशत भौतिक प्रगति हासिल भएको पाईयो । बाँकी अधुरा कार्य शिघ्र रुपमा पुर्णता प्रदान गर्ने गरि कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं २ –**

आर्थिक विकास समितिको विभिन्न मितिमा भए गरेका नीतिगत तथा कार्यक्रम कार्यान्वयनका लागि गरिएका निर्णयहरुको अनुमोदन गर्ने र उच्च प्रविधियुक्त नर्सरी सञ्चालन मापदण्ड पारीत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ –**

स्थानीय भू-उपयोग परिषदबाट स्वीकृत तथा कार्यपालिकाबाट अनुमोदित परामर्शदाता A Class Consultant and Construction Pvt.Ltd., Pokhara, Kaski बाट पेश भएको भू- उपयोग योजना अर्न्तगत गरिएको जग्गा वर्गीकरणको प्रस्ताव तथा प्रतिवेदनको आधारमा प्रतिवेदनमा उल्लेखित कि. नं. का जग्गाहरुको विवरण मालपोत कार्यालयमा पठाउने साथै सडक तथा बाटोको केन्द्र बाट १०० मिटर सम्मका जग्गालाई आवाश क्षेत्र र सो भन्दा पछाडि रहेको जग्गालाई कृषि क्षेत्रमा कायम गर्ने तथा वर्गिकरण गर्ने एव आवाश र कृषियोग्य नभएका भिरालो जग्गाहरुलाई कृषि क्षेत्र कायम गर्ने निर्णय गरियो । साथै उक्त प्रतिवेदनलाई स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ –**

नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तरगत विश्व बैंकको लगानी र यस नगरपालिकाद्धारा सञ्चालित आयोजना प्रगतिनगर - बहाकोट -नाम्चे काल्खु- (NP-DUDBC- 39612-CW-RFB) का निर्माण व्यवसायी श्री लामा कन्स्ट्रक्सन प्रा. लि. काठमान्डौले मिति २०८१/०२/०३ गतेको पत्र मार्फत ठेक्का सम्झौता अनुसार निर्धारित समय असार २४, २०८२ भित्र निर्माण कार्य सम्पन्न गर्न वर्षा पूर्व ५५ सय घनमिटर नदी जन्य पदार्थ ढुङगा गिटी बालुवा आँधिखोलाको छिडी र खल्लुबोट बगरबाट उत्खनन तथा संकलन कार्य गर्न अनुमती माग गरेकोले नदीजन्य पदार्थ जेष्ठ मसान्त भित्र सङ्क्लन गर्नुपर्ने कानूनी व्यवस्था रहेकाले उत्खनन तथा संकलन गर्न समय अवधि करिब १५ दिन रहेको र सडक निर्माणको अवधि जम्मा १३ महिना बाँकी रहेकाले माग भए अनुसार तपसिलमा उल्लेखित उपकरण प्रयोग गरी ढुङगा, गिटी, बालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा १२ को उपदफा १ वमोजिम वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी छिंडी बाँया, खल्लुबोट- माथिल्लो बगरबाट उपकरणहरु प्रयोग गरी ५५०० घनमिटर नदी जन्य पदार्थज संकलन गर्न निर्माण

तुलसी राम रेग्मी
नगर प्रमुख

व्यवसायीलाइ अनुमति दिने, उत्खनन तथा संकलनको परिमाण कार्यालयबाट प्रमाणित गरि प्रदेश सरकारले तोकेको दरले राजश्व लिने र अनुमति प्रदान गरिएको जानकारी जिल्ला अनुगमन समिति र जिल्ला विपद् व्यवस्थापन समितिमा गराई सहजीकरण तथा समन्वयका लागि अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

१. बा २क ३७८२ एक्साभेटर

२. बा १ क ९८२७ एक्साभेटर

३. बा २ क १९२६ एक्साभेटर

४. बा २ क ४१९५ एक्साभेटर

५. बा २ क ६४९१ ब्याक हो लोडर

६. बा १ क ५४२५ ट्रिपर

७. बा २ क ७०१९ ट्रिपर

८. ना १ क ५०८३ ट्रिपर

९. प्रदेश ३ ०१००३ क ५८३७ ट्रिपर

१०. बा २ क ४१५ ट्रिपर

११. बा २ क ४१७ ट्रिपर

१२. बा २ क ४१८ ट्रिपर

१३. बा २ क ४१९ ट्रिपर

१४. बा ०१००३ क ५८३९ ट्रिपर